आज मिति २०८१/११/०८ गते विहिबारका दिन खोटेहाङ गाउँपालिका गाउँ सभाको सोह्रौं अधिवेशन बैठक गाउँ सभा अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका महानुभावहरुको उपस्थितिमा वसि प्रस्तावहरु उपर छलफल गरियो ।

**उपस्थिति**

| क्र.स | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | उदिम बहादुर राई | गाउँ सभा अध्यक्ष | |
| २ | रुपेश राई | गाउँ सभा उपाध्यक्ष | |
| ३ | महेश राई | गाउँ सभा सचिव | |
| ४ | धन बहादुर महाराजी | गाउँ सभा सदस्य | |
| ५ | पारस राई | गाउँ सभा सदस्य | |
| ६ | जेफर राई | गाउँ सभा सदस्य | |
| ७ | तिलक बहादुर बस्नेत | गाउँ सभा सदस्य | |
| ८ | किरण राई | गाउँ सभा सदस्य | |
| ९ | बसन्त राई | गाउँ सभा सदस्य | |
| १० | शिव प्रसाद फयल | गाउँ सभा सदस्य | |
| ११ | चन्द्र बहादुर थापा | गाउँ सभा सदस्य | |
| १२ | इन्द्र बहादुर राई | गाउँ सभा सदस्य | |
| १३ | कमला विश्कर्मा | गाउँ सभा सदस्य | |
| १४ | मिनाकला राई | गाउँ सभा सदस्य | |
| १५ | अन्जु राई | गाउँ सभा सदस्य | |
| १६ | सुशिला राई | गाउँ सभा सदस्य | |
| १७ | फुर्वा शेर्पा | गाउँ सभा सदस्य | |
| १८ | मान बहादुर वि.क. | गाउँ सभा सदस्य | |
| १९ | चन्द्र कुमारी राई | गाउँ सभा सदस्य | |
| २० | दुर्गा बहादुर खड्का | गाउँ सभा सदस्य | |
| २१ | रामु राई | गाउँ सभा सदस्य | |
| २२ | प्रभिला वि.क. | गाउँ सभा सदस्य | |
| २३ | दिल कुमार खड्का | गाउँ सभा सदस्य | |
| २४ | धन कुमार राई | गाउँ सभा सदस्य | |
| २५ | सन्तोष राई | गाउँ सभा सदस्य | |
| २६ | कल्पना गहतराज | गाउँ सभा सदस्य | |
| २७ | विजय राई | गाउँ सभा सदस्य | |

| | | | |
|---|---|---|---|
| २८ | निर कुमार मगर | गाउँ सभा सदस्य | |
| २९ | संझना राई | गाउँ सभा सदस्य | |
| ३० | अनिता रम्तेल | गाउँ सभा सदस्य | |
| ३१ | किरण राई | गाउँ सभा सदस्य | |
| ३२ | प्रदिप आचार्य | गाउँ सभा सदस्य | |
| ३३ | बच्चिमाया परियार | गाउँ सभा सदस्य | |
| ३४ | झम कुमार बस्नेत | गाउँ सभा सदस्य | |
| ३५ | डम्बर बहादुर विष्ट | गाउँ सभा सदस्य | |
| ३६ | कल्पना बुढाथोकी | गाउँ सभा सदस्य | कल्पना |
| ३७ | मैया दमाई | गाउँ सभा सदस्य | मैया |
| ३८ | रतन बहादुर खत्री | गाउँ सभा सदस्य | |
| ३९ | घनश्याम राई | गाउँ सभा सदस्य | |
| ४० | युवादेवि श्रेष्ठ | गाउँ सभा सदस्य | |
| ४१ | रन्जु परियार | गाउँ सभा सदस्य | |
| ४२ | बेद राज ढकाल | गाउँ सभा सदस्य | |
| ४३ | लाल बहादुर खत्री | गाउँ सभा सदस्य | |
| ४४ | कमला राउत | गाउँ सभा सदस्य | |
| ४५ | तुलसा विश्वकर्मा | गाउँ सभा सदस्य | तुलसा |
| ४६ | लाल बहादुर राई | गाउँ सभा सदस्य | |
| ४७ | अम्बर बहादुर प्रधान | गाउँ सभा सदस्य | |
| ४८ | बाल कुमारी नेपाली | गाउँ सभा सदस्य | |
| ४९ | दुर्गा बहादुर निरौला | गाउँ सभा सदस्य | दुर्गा |
| ५० | हरि बहादुर कार्की | गाउँ सभा सदस्य | |

## मिति २०८१ माघ ०७ गते कार्यपालिकाको १५४ औं बैठकको प्रस्तावहरु

१) आ.व. २०८१।०८२ को अर्ध वार्षिक समिक्षा
२) अल्या बजेट
३) गाउँपालिकास्तरीय तथा वडा स्तरीय योजना संशोधन
४) संशोधित विनियोजन विधेयक, २०८१
५) विविध

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिका बैठकबाट पेश भए बमोजिम खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८१।८२ को हालसम्मको अर्धवार्षिक समिक्षा सम्बन्धमा पालिकाको चालू आ.व. २०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको हालसम्मको कार्यान्वयन अवस्था र त्यसबाट प्राप्त भौतिक साथै वित्तीय प्रगति समेत सन्तोषजनक रहेकोले समिक्षात्मक छलफल गर्नुका साथै यस सभाबाट समेत बहुमतले पारित गरियो।

**अर्धवार्षिक समिक्षा २०८१**

**पूर्वाधार तथा योजना शाखा**

१. सम्झौताको काम कारिव ८० % प्रतिशत सम्मन्न भएका छन्।

२. सम्झौता भएका पालिका स्तरिय तथा वडा स्तरिय योजनाहरुको पेश्की तथा फरफारकका कामहरु निरन्तर भईरहेको छ।

३. रसुवा पाँनधारे सडक संरचना निर्माणको रु १,३७,१०,२३१.९७।मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि.सगँ रु ६२,७६,९७०.३९।मा सम्झौता भई हालसम्म करिव ९० % प्रतिशत काम सम्पन्न भईसकेको छ।

४. ईन्द्रेणीपोखरी र लक्ष्मी मा.वि.को भवन निर्माणको रु ४०,११,०२०.५६।मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि.सगँ रु २५,६९,७३४.१९।मा सम्झौता भई हाल सम्म करिव ७० प्रतिशत काम सम्पन्न भईसकेको छ।

५. खोटेहाङ गाउँपालिकाको गाउँसभाबाट विनियोजित पालिका ट्रस निर्माणको रु ३४,७२,२२६.१३।मा लागत अनुमान तयार भई यस विल्डर्स प्रा.ली.ईटहरी ५ सुनसरी सँग रु २८,३७,२६७.०४।मा सम्झौता भई हालसम्म करिब ८५ % प्रतिशत काम सम्पन्न भईसकेको छ।

६. कोशी प्रदेश सरकार र खोटेहाङ गाउँपालिका बाट विनियोजित सिम्पानी क्याम्पस कवड हल खोटेहाङ ८, सिम्पानी कवड हल निर्माण रु ४०,३१,७२८.२५ मा लागत अनुमान तयार भई शान्तिभुमी निर्माण सेवा प्रा.लि. सँग रु २६,८३,००८.५५।रुपैयाँमा सम्झौता भई भेरिएसन सहित रु ३६,६६,७०७.९६।मा काम संचालन भई हाल काम सम्पन्न भईसकेको छ।

८. रसुवा पाँनधारे सडक संरचना निर्माणको (दोश्रो ठेक्का) रु ७४,३९,३८१.४७।मा लागत अनुमान तयार भई नितेश कन्स्ट्रक्सन प्रा.लि. ७३,९७,३४९.९१।मा सम्झौता भई हालसम्म करिव ८० % प्रतिशत काम सम्पन्न भईसकेको छ।

९. सावाखोला मोटरेवल पुलको रु ३,८८,३०,१४३.८७।(भ्याट सहित) लागत अनुमान तयार भई अवाई-सुभ यण्ड धुर्व -श्याम जे.भी दिक्तेल सँग रु ३,०७,७३,५५८.१३।रुपैयाँमा सम्झौता भई हालसम्म करिब १५ %प्रतिशत काम भईसकेको छ।

१०. कृषि उपजको भण्डारण गृह तथा शित गृह (बहुवर्षिय योजना) निर्माणको रु ५,२९,९४,३६४.८५।(भ्याट सहित) मा लागत अनुमान तयार भई आर यस-बि.के.यस.के.जे.भि,काठमाण्डौसगँ रु ४,२४,७६,८२२.३४।मा सम्झौता भई हालसम्म करिव ६५ % प्रतिशत काम सम्पन्न भईसेको छ।

११. पालिका स्तरिय खेल मैदान निर्माण (ईन्द्राणीपोखरी) डि.पी.आर.को लागि रु ९,९९,३७२.००।मा लागत अनुमान तयार भई रियल ईन्जिनियरीङ कन्सलटेन्सी यण्ड कन्स्ट्रक्सन सँग रु ९,९६,६६०.००।रुपैयाँमा सम्झौता भई कार्य सम्पन्न भईसकेको छ।

१२. साना सिँचाई कार्यक्रम अन्तर्गत संन्चालित सम्पूर्ण योजनाहरुको सम्झौता सम्पन्न भई पहिलो किस्ताको रकम पेश्की समेत दिईसकेको छ।

१३. एक वडा एक खेलमैदान निर्माण कार्यक्रम अन्तर्गत वडा नं. ५ चिप्रीङमा सम्पन्न भएको छ।

**आर्थिक प्रशासन शाखा**

१. वितिय क्षेत्रमा कुल बजेट रु ५७,१२,७३,०००।रहेकोमा हालसम्म वास्तविक आय रु २४,१५,००,०००। रहेको जसमा चालु तर्फको खर्च ३७.३६ प्रतिशत र पुँजिगत तर्फको खर्च १५.२४ प्रतिशत र समग्रमा खर्च ३०.०९ प्रतिशत रहेको छ।

२. खोटेहाङ गाउँपालिकाको आन्तरिक राजश्व तर्फ हालसम्म रु ४७,००,०००। जम्मा भएकोछ।

**प्रशासन शाखा**

१५। व्यवसाय दर्ता/नवीकरण गर्ने कार्य निरन्तर भई रहेको छ ।

१६। संघ तथा संस्थाहरु दर्ता/नवीकरण गर्ने कार्य निरन्तर भई रहेको छ ।

१७। साना सिँचाईको कामलाई अगाडी बढाउनको लागि संस्था दर्ताको प्रमाणपत्र वितरण साथै नवीकरणको काम समेत गरिएको छ ।

१८। खोटेहाङ गाउँपालिकाको कार्यालयले कार्यालयको काममा एकरुपता, पारदर्शिता, चुस्त/दुरुस्त, नियमित र तोकिएको समयमा सेवा प्रवाहमा गर्नको लागि गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको नियमित बैठक बस्ने कार्य भएको छ ।

१९। स्वीकृत दरबन्दी तेरिज बमोजिम रिक्त रहेको विभिन्न सेवा समूह, पद र तहमा विज्ञापन गरी परीक्षा प्रणाली मार्फत पदपुर्ति गर्ने काम गरिएको छ ।

२०। गाउँपालिका मातहत रहेका वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरुको अनुगमन एबं निरीक्षण गरी सेवा प्रवाहको अवस्थालाई बुझि थप सुधार के गर्न सकिन्छ भन्ने विषयमा आवश्यक सुझाव सल्लाह तथा पृष्ठपोषण दिने काम गरिएको छ ।

२१। खोटेहाङ गाउँपालिकाको आन्तरिक प्रशासनिक कार्यहरु नियमित रुपमा भई रहेको छ ।

२२। प्रशासन शाखाले नियमित रुपमा हुने कार्यालयका अन्य कामहरुमा आवश्यकता बमोजिम राय, सल्लाह, सुझाव र सहयोग गर्ने गरेको छ ।

२३। कार्यसम्पादन मूल्याङ्कन राम्रो भएका करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता नियमित रुपमा गरिएको छ ।

२४। नियमानुसार सरुवा भई जाने कर्मचारीहरुको विधिवत रुपमा रमाना गरी पठाईएको छ।

२५। खोटेहाङ गाउँपालिकाको कामकाजलाई सफलिभूत तुल्याउनको लागि आवश्यकता बमोजिम कर्मचारीहरुको आन्तरिक सरुवा/कामकाजमा खटाईएको छ ।

२६। गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको कोशी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम तह वृद्धि कार्य गरिएको छ।

२७। स्थानीय सरकारको अधिकार भित्र पर्ने र तर्जुमा गर्न मिल्ने ऐन, कानुन र कार्यविधिहरुको निर्माण तथा स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याईएको छ ।

२८। इलाका प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, इलाका प्रहरी कार्यालयको समन्वयमा स्थानीय बजारहरुको समय-समयमा अनुगमन तथा निरीक्षण गरि अखाद्य बस्तुहरु नष्ट गरी आम उपभोक्ताहरुको हितको लागि जनचेतना जगाउने कार्य भएको छ ।

**स्वास्थ्य शाखा**

१। आर्थिक वर्ष 080/081 मा खोटेहाङ गाउँपालिको स्वास्थ्य क्षेत्रमा सम्पादित कामहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

२। पोषण कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई पहिलो चरणमा भिटामिन ए ११४२ जना र जुकाको औषधी अल्वेन्डाजोल 1037 जनालाई खुवाउने कार्य सम्पन्न भएको छ।

३. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा तथा बच्चाको स्वास्थ्य अवस्थामा सुधार गर्ने उदेश्यले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत ६ जना नर्सिङ कर्मचारीहरुलाई दक्ष प्रसुति सेवा (SBA) तालिमको लागि कोशी अस्पताल बिराटनगरमा पठाईएको छ ।

४. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत प्रोटोकल अनुसार गर्भवती जाँच ६६ जना र संस्थागत सुत्केरी सेवा लिने आमाहरुको संख्या ४१ जना रहेको छ ।

५। सुत्केरी अवस्थामा आमा र नवजात शिशुको स्वास्थ्य जाँच गरि जटिलताहरु समयमानै पहिचान गरि व्यवस्थापन तथा प्रेषण गर्ने उदेश्यले संस्थागत सुत्केरी गराउने ३७ जना र घरमा सुत्केरी हुने ६ जना गरि ४३ जनालाई प्रोटोकल अनुसार सुत्केरी तथा नवशिशुको स्वास्थ्य जाँच (एल्य ज्कग घकम्त) गरिएको छ ।

६। गाउँपालिका स्तरीय आधारभूत अस्पताल इन्द्राणीपोखरीमा 2 जना महिला र ७ जना पुरुष सहित अकालमा मृत्यु हुने 9 जनालाई पोष्टमार्टम सेवा प्रदान गरिएको छ ।

७। खोटेहाङ गाउँपालिकाका ९ वटै वडाहरुमा मिति 2081 माघ २३ देखि २५ गते सम्म पाठेघरको मुखको क्यान्सर गराउने ज्कबल एबउषीकिब ख्चगक विरुद्दको एच.पि.भी खोप सेवा अभियानको रुपमा सन्चालन गरि ६ कक्षा देखि १० कक्षा सम्म अध्ययन गर्ने 799 जना र बिद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका 69 जना गरि ८६८ जना किशोरीहरुलाई एच.पि.भी. खोप प्रदान गरिएको छ ।

९। यस आ.व. 081/082 मा महिला ३६ र पुरुष ५५ जना गरि जम्मा ९१ जनालाई रेविज खोप सेवा प्रदान गरिएको छ ।

१०। पूर्ण खोप गाउँपालिका घोषणा गर्नका लागि सबै वडाहरुमा घरधुरी सर्वेक्षणको कार्य सुरुवात गरिएको छ।

१२। सामुदायिक सेवा प्रतिष्ठान नेपाल, शीर मेमोरियल अस्पताल बनेपा काभ्रेपलान्चोक र खोटेहाङ गाउँपालिकाको सहकार्यमा यस खोटेहाङ गाउँपालिका भित्र आङ खस्ने समस्या भएका महिलाहरुको नि:शुल्क सल्यक्रिया सेवा उपलब्ध गराउन गाउँपालिका अन्तर्गतका महिलाहरुको विवरण संकलनको कार्य अन्तिम चरणमा रहेको छ ।

## महिला तथा बालबालिका शाखा

आ.व २०८१/८२ मा गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको सिफारिस अनुसार अपाङ्ग समन्वय समितिको बैठकद्धारा साथै अपाङ्गता परिचय पत्र प्राप्त गर्न छुट भएका व्यक्तिहरुको प्रत्यक्ष रुपमा घरमै गई पुर्ण अशक्त अपाङ्गता (क वर्ग)११, अति अशक्त (ख वर्ग) १६, मध्यम (ग वर्ग) १ र सामान्य अपाङ्गता (घ वर्ग) ४ वटा गरी जम्मा ३२ जनाको अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।

- यस गाउँपालिका भित्रका ६० वर्ष उमेर पुरा भएका र पालिकामा ज्येष्ठ नागरिक परिचय पत्रका लागि दिइएको निवेदनका आधारमा ९ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरियको छ ।
- खोटेहाङ गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत समाज विकासको आधार स्तम्भबाट सुरु गरेर संरचनामा परिमार्जन र परिवर्तन गर्दै विद्यमान अवस्थामा ल्याइपुर्याउने प्रतिनिधिको रुपमा रहेका ज्येष्ठ नागरिकको योग्यता, अनुभव, ज्ञान, सिप र क्षमताको सम्मान गर्दै गाउँपालिका भित्र रहेका ८० वर्ष माथिका ३०० जना ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप न्यानो कपडा (ज्याकेट) वितरण गरिएको छ।

## अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम

नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाचँ मार्फत हुनसक्ने अपाङ्गताको जोखिम न्युनिकरण गर्दै अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्ने लक्ष्य अनुरुप खोटेहाङ गाउँपालिका, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र करुणा फाउन्डेसन नेपालको त्रिपक्षिय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघको प्राविधिक सहयोगमा खोटेहाङ गाउँपालिकामा मिति २०८०/०९/२७ गते सम्झौता भई अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम संचालन भईरहेको छ ।

- विद्यालयमा अध्ययनरत १० वर्षमुनिका बालबालिकाहरुको कार्यगत सिमितताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन गर्न बालबालिकामा हुनसक्ने अपाङ्गताको शिघ्र पहिचान गर्नका निमित्त विद्यालय बाट एकजना फोकल पर्सन तोकी तालिम दिइएको छ।
- २१ जना अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि विभिन्न अस्पतालमा पठाइएको छ।
- १९ जना अपाङ्गता भएका व्यक्तिहरुलाई फिजियोथेरापी सेवा प्रदान गरिएको छ।

- अपाङ्गता भएका व्यक्तिहरुको घरमा गई २४१ जनालाई गृहभेट गरेर उनिहरुको स्वास्थ्य, सामाजिक, आर्थिक स्थिति मापन गरि लक्ष्य निर्धारण गरिएको छ।
- अपाङ्गता भएका व्यक्ति तथा उनिहरुका परिवारका सदस्य गरिवडा नं. ८ र ९ का २५ जनालाई उद्यम विकास शाखा संङ्ग समन्वय गरि दुनाटपरी सम्बन्धी सिपमुलक तथा व्यवसायी तालिम प्रदान गरिएको छ।
- खोटेहाङ गाउँपालिकाका ९ वटै वडा डिसेम्बर ३ तारिकका दिन अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइएको छ।
- अपाङ्गता नभएका बालबालिकाहरुलाई अपाङ्गता भएका बालबालिकाहरुका समस्या, चुनौति र अवसरका विषयमा जानकारी गराउन साथै अपाङ्गता भएका र नभएका बालबालिकाहरु बिच मित्रवत सम्बन्ध कायम गर्न सिम्पानी मा.वि, सरस्वति आ.वि लिच्किराम्चे र भगवती मा.वि मा कक्षा १ देखी १० सम्म दौतरी शिक्षा कार्यक्रम गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार र समावेशी शिक्षाका बारेमा जानकारी गराई विद्यालय तथा पठनपाठन विधि लाई कसरी अपाङ्गतामैत्री बनाउन सकिन्छ भन्ने बारे जानकारी प्रदान गर्ने हेतुले खोटेहाङ गाउँपालिकामा संचालित ४९ वटै सामुदायिक विद्यालयका प्र.अ तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई तालिम कार्यक्रम सम्पन्न भएको छ ।
- प्रत्येक वडामा गठन गरिएको मिलिजुलि समूहमा हाल सम्म १८० जना आबद्द भई बचत तथा ऋण परिचालन गरिएको छ।

**पंन्जिकरण शाखा**

| आ व | त्रैमासिक | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| २०८१।८२ | प्रथम | २५२२ | २,३८,७३,१०७ | |
| | दोस्रो | २५२७ | २,४०,३६,६२९ | |
| | जम्मा | | ४,७९,१०,५३६ | |

- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्चवापतको अख्तियारी रकम रु ८ लाख
- पहिलो चरण २४ जना मंसिर सम्म दोस्रो चरण २ जना पौष सम्म गरी २६ जना विरामीहरुलाई वितरण गरिएको रकम रु ६ लाख पैंतीस हजार
- वाँकी रहेको रकम रु १ लाख ६५ हजार
- अपुग रकम रु अनुमानित ९ लाख
- बायोमेट्रिक डिभाईस खरिद तथा राष्ट्रिय परिचयपत्र दर्ता शिविर

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्रमा आधारित औंठाछाप प्रमाणीकरणको लागि डिभाईस खरिद गरि शिविर सञ्चालन गरिएको छ, शिविरमा हालसम्म तपसिल बमोजिम सेवा प्रवाह गरिएको छ ।

| वडा नं | नेपाली नागरिकताको प्रमाणपत्र वितरण | राष्ट्रिय परिचयपत्र विवरण दर्ता र परिचयपत्र नम्बर वितरण | औंठाछाप प्रमाणीकरण |
|---|---|---|---|
| १ | ५२ | ६५ | ७० |
| २ | ५४ | ६४ | ११८ |
| ३ | ५२ | ६७ | १२६ |
| ४ | – | – | ९० |
| ५ | – | – | १० |
| ६ | २३ | ४१ | १५५ |
| ७ | | | ११७ |
| ८ | – | – | – |
| ९ | – | – | ५७ |
| जम्मा | १८१ | २३७ | ७४३ |

## रोजगार शाखा

खोटेहाङ गाउँपालिकाका लागि आ व २०८१/८२ मा कामका लागि पारिश्रमिक युवारुप (युवा रुपान्तरणका लागि पहल आयोजना) कार्यक्रम र नेपाल सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगार ब्यक्तिहरुका लागि कुल ज्याला रकम रु. ४३ लाख ८० हजार प्राप्त भएको थियो।

- प्रधानमन्त्री रोजगार सेवा केन्द्रमा सूचिकृत ३०१ जना बेरोजगार ब्यक्तिहरु मध्ये ६५ जनाले १०० दिन वराबरको काम पाएका छन् ।
- उल्लेखित दायरामा रहि खोटेहाङ गाउँपालिका वाड नं १,२,३,४,५,६, ७,८ र ९ मा योजना सम्झैता गरि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।साथै सुरक्षा सामाग्री बितरण गरिएको छ।
- सडक खण्डमा सोलिङ निर्माण, नाली खन्ने, झाडि फाड्ने कार्य लगायतका योजनाहरु सञ्चालन भइरहेका छन।

२.कामकालागी पारिश्रमिकमा आधारित ९ वटा योजनाहरु सम्झौता गरी १०० दिनको काम सञ्चालन भइ कार्य प्रगति ६० प्रतिशत सम्पन्न भएको छ ।

- हाल सम्म श्रम स्वीकृति जम्मा ३ वटा भएको छ।
- न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सुचना आहवावन गरिएको छ।

३.आर्थिक वर्ष २०८१/८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवारुपम आयोजना संञ्चालन गर्न खोटेहाङ गाउँपालिका लाई विनियोजित ससर्त अनुदानको रकम ।

| नाम | सुचिकृत वेरोजगार संख्या | युवारुप मार्फत रोजगार सिर्जनाको लागि | प्रधानमन्त्री रोजगारकार्यक्रम रोजगार सिर्जनाको लागि | कुल रकम | कुल रोजगारी प्रति व्यक्ति दिन रु | रोजगारी प्राप्त संख्या | रोजगारि प्रदान गरिएको दिन |
|---|---|---|---|---|---|---|---|
| खोटेहाङ गाउँपालिका | ३०१ | २७०००००/- | १६८००००/- | ४३८००००/- | ६६८ | ६५ | १०० |

## गरिबी निबारणका लागि लघु उधम विकास कार्यक्रम ९मेड्पा०

१. कार्यपालिका बाट लघु उधम विकास कार्यक्रम छनौट वडा नं. ८ सिम्पानी र वडा नं. ९ लिच्चीराम्चेमा १ दिने वडास्तररिय अभिमुखिकरण तथा उधम विकासका लागि सामाजिक परिचालन कार्यक्रम सम्पन्न भएको छ।
२. वडा नं. ९ लिच्कीराम्चेमा व्यवसाय सम्बन्धी ७ दिने उधमशिलता तालिम सपन्न गरिएको छ।
३. वडा नं.८ सिम्पानीमा व्यवसाय सम्बन्धी ७ दिने उधमशिलता विकास तालिम मिति२०८१/०९/०९ गते देखी संचालन भई मिति २०८१/०९/१५ गतेका दिन १७ जाना सहभागीमा सम्पन्न भएको छ।
४. वडा नं. ८ र ९ मा सालको पातको दुना टपरी सम्बन्धी २ दिने सीप विकास तालिम सपन्न भएको छ।
५. लघु वित्त र बजारीकरण सम्बन्धी वडा नं.८ र ९ का सहभागीहरुलाई १ दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।
६. वडा नं. १ लिकुवापोखरीमा गत आ.ब २०८० मा बाख्रापालन सम्बन्धी तालिम लिएका १५ जना सहभागीहरुको आबश्यकता पहिचान गरी स्तरोउन्नती तथा थप तालिम कार्यक्रमहरु संचालन हुन लागिरहेको छ।

## शिक्षा शाखा

१. प्रथम, दोस्रो त्रैमासिक तलव भत्ता तथा प्रथम दिवा खाजा रकम निकाशा, कार्यसम्पादन मुल्याङ्कन तथा सम्पति विवरण पेश ।
२. बालविकास सहजकर्ता तथा प्राथमिक शिक्षकलाई सिकाईमा आधारित तालिम सम्पन्न।
३. शिक्षक सेवा आयोगबाट सिफारिस भएर आउने निम्नमाध्यमिक तहका शिक्षकहरुको पदस्थापन कार्य सम्पन्न ।
४. बालवालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान सम्वन्धी शिक्षकहरुलाई तालिम सम्पन्न।
५. समावेशी शिक्षाका लागि शिक्षक विद्यालय व्यवस्थापन समितिलाई दुई दिने अभिमुखिकरण कार्य सम्पन्न।
६. विपदको समयमा सिकाई निरन्तरताको लागि सिकाई योजना सम्वन्धी १ दिने अभिमुखिकरण सम्पन्न ।

७. छैठौं राष्ट्रपति रनिङ् शिल्ड कार्यक्रम सम्पन्न भएको ।

८. इमिस र बास्तविक विद्यार्थी सत्यापान विद्यालय निरिक्षण मार्फत गरिएको ।

९. **विद्यालय** निरिक्षण, अनुगमन, सुपरिवेक्षण, एस. .इ.इ सहयोग कार्यक्रम निरन्तर रुपमा भइरहेको ।

१० शिक्षा **समितिको** निर्णय बमोजिम गणित विज्ञान र अंग्रेजी विषयको स्रोत विज्ञको नियुक्ति गरिएको ।

## सुरक्षित आप्रवासन (सामी) शाखा

- यस आ.व.२०८१/०८२ मा सुचना तथा परामर्श आप्रवासी तथा सम्भावित परिवारका सदस्यहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सुचना तथा परामर्श ८२२ जनालाई सुचना प्रदान गरिएको छ ।
- कानुनी तथा आर्थिक सहजीकरण खोटेहाङ गा पा ९ लिच्कीराम्च्का खड्ग बहादुर नेपाली वैदेशिक रोजगारको क्रमामा मलेशियाम भने अनुसारको तलब नपाएको केश वैदेशिक रोजगार वोर्ड पठाईएको छ ।
- पुन श्रम स्वीकृति लिने चन्द्रकला मगर, अमर तामाङ, लिलाकुमार राई, पेम साङ्गे शेर्पा, रविन कुमार वि.क., काशीराम नेपाली गरी ६ जनाको सुचना केन्द्रबाट श्रम भएको छ।
- खोटेहाङ गा पा ५ चिप्रिङका गोपाल विष्टको छोराहरु रोशन, रोजन र पुजन विष्टको वैदेशिक रोगार वोर्ड मार्फत प्राप्त हुने छात्रवृत्तिको लागि कागजात पठाईएको छ ।
- खोटेहाङ गा पा ५ चिप्रिङका अनिल राईको छोरा मिसाम राईको वैदेशिक रोगार वोर्ड मार्फत प्राप्त हुने छात्रवृत्तिको लागि कागजात पठाईएको छ ।
- जन्तेढुङ्गा गा पा १ देविस्थानका रमेश थापालाई युरोप पठाई दिन्छु भनेर ठगिएको रु ४,१३,०००/- को प्रमाण सहित जिल्ला प्रशासन कार्यालय दिक्तेल पठाईएको छ ।
- परिवारको सदस्यलाई उपचार खोटेहाङ १ लिकुपोखरीको कमला राईको आवश्यक कागताज वोर्डमा पठाईएको छ ।
- खोटेहाङ गा पा ८ सिम्पानीका रविन परियारको दुई ओटा मृगौला फेल भएको पनि आवयश्क कागजात सहित निवेदन वोर्डमा प्रमाणित भई सकेको छ ।
- खोटेहाङ गा पा ८ सिम्पानीका मनोज परियारको मलेशियामा मृत्यु भएको आर्थिक सहायताका लागि आवयश्क कागजात सहित निवेदन वोर्डमा प्रमाणित भई सकेको छ।
- खोटेहाङ गा पा ९ लिच्कीराम्चेका जीवन खत्रीको मेडिकल फेल भएको चाही कागजात तयारीको चरणमा रहेको छ ।
- समुदाय स्तरमा सामुदायिक गहन अभिमुखिकरण कार्यक्रम ५ओटा समपन्न भएको छ जसमा १६१ जनाको सहभागिता रहेको थियो।
  - ❖ वितिय साक्षरता कक्षा खोटेहाङ गा पा का दुई ओटा वडाहरु लिकुवापोखरीमा १ ओटा समूह सञ्चालित रहेको छ जहा सत्र ५ सम्म सञ्चालनलन भइसकेको छ भने १ ओटा समूह चाहि खोटहाङ गा पा २ वाप्लुखामा सत्र ५ सम्म सञ्चालन भएको छ ।
  - ❖ मनोसामाजिक परामर्श अन्तर्गत जम्मा केशहरु १८ ओटा रहेका छन् जसमा आत्माहत्या सम्बन्धि ८ ओटा र पिरचिन्ताको ८ ओटा छन् , प्रगति अवस्था भने औसतमा ५०% रहेको छ।
  - ❖ मनोसामाजिक अन्तर्गत स्कुल स्तरिय अभिमुखिकरण कार्यक्रम ३ ओटा सम्पन्न भएको छ।
  - ❖ रिटर्निङ परिचालन तथा घर परिवारहरुलाई घर भेट गरी सूचना प्रदान जम्मा १६४६ जनालाई सुचना प्रबाह गरेको।

## कृषि विकास शाखा

१. रु ४ लाखको तरकारी तथा सागहरुको बिउबीजन खरीद गरि सबै वडामा वितरण।

२. विभिन्न बिद्यामा कृषि मेला प्रदर्शनी सम्पन्न।

३. प्याज क्लस्टर कार्यक्रम रु३ लाखको वडा नं ५ मा संचालन भईरहेको छ।

४. कोशी प्रदेशको रु १० लाखको तरकारी खेती कार्यक्रम वडा नं १,२ र ३ मा संचालन भईरहेको छ।

५. बिभिन्न कार्यालयमा कृषि फर्महरुको लागी सिफारीस गरि पठाईएको।

६. बिभिन्न बाली तथा बागवानी रोगको निरिक्षण तथा उपचार।

७. १२०० बोरा युरिया (रसायनिक मल) सबै वडा कार्यालय मा पुर्याई वितरणको तयारीमा छ।

८. बिभिन्न रोगको बिषादी वितरण गरेको।

९. १८ वटा हाते ट्रयाक्टर वितरण भएको छ।
१०. कृषक सञ्जालको बैठक निरन्तर भईरहेको छ।
११. कृषि सम्बन्धी परामर्सका कार्यक्रमहरु निरन्तर भईरहेको ।
१२. किसानहरुको समस्याको बारेमा भर्चुवल, घर तथा खेतमा गएर समस्याको सामाधान गरेको।
१३. कृषक समुह दर्ता गर्ने कार्य निरन्तर भएको छ।

## पशु विकास शाखा

| क्रस | समापन भएका कामहरु | पशु सङ्ख्यामा | घर धुरि सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल उपचार | 10,780।- | लाभान्वितघर धुरि सङ्ख्या जम्मा१,497।- | |
| २ | गाईनोलोजिकल सेवा । | 50।- | | |
| ३ | माईनर सर्जिकल उपचार | 120।- | | |
| ६ | गोबर परिक्षण सेवा | 98।- | | |
| ८ | बन्ध्याकरण सेवा | सानो पशु-186।-<br>ठुलो पशु-76।- | | |
| | **जम्मा पशुपन्छि सङ्ख्या** | ११,310।- | | |

- **उपचार गरेको पशुहरुको सङ्ख्या ।**

१, रांगा/भैसि- ७८५ वटा
२, गाई/गोरु- ८29 वटा
३, बाख्रा/बोका- ४,५९७ वटा
४, कुखुरा - ४,३२६वटा
५, भेडा - ६८ वटा
६, सुङ्गर - ३४६ वटा
७, घोडा - १ वटा
८, कुकुर - 358 वटा रेविज भ्याक्सिन सहित।

१। आ.व.२०८१/८२ मा खोटेहाङ गांपालिकाले बिनियोजन गरेको बजेट बाट पशु स्वास्थ्य आधारभुत औषधि खरिद तथा वितरण गरि प्रत्येक वडामा कार्यरत प्राविधिक कर्मचारी द्धरा वडाबाटै पशु स्वास्थ्य उपचार गरिएको छ।
२। आ.व.२०81/82 मा खोटेहाङ गांउपालिकाले बिनियोजन गरेको बजेट बाट एन्टि रेविज भ्याक्सिन खरिद तथा वितण गरि जम्मा 358 कुकुरहरुलाई रेविज विरुद्ध खोप लगाईएको छ ।
३। आ.व.२०81/82मा खोटेहाङ गांपालिकाले बिनियोजन गरेको बजेट बाट बाख्रा प्रबर्द्धन कार्यक्रम संचालन भईरहेको छ।
४। आ.व.२०81/82मा खोटेहाङ गांपालिकाले बिनियोजन गरेको बजेट बाट बङ्गुर प्रबर्द्धन कार्यक्रम संचालन भईरहेको छ।
५। निशुल्क पशु स्वास्थ्य शिविर वडा नं.9 लिच्किराम्चेमा संचालन भएको छ।
६। सबै वडाहरुमा पशुहरुमा लाग्ने बिभिन्न रोगहरुको बिरुद्ध खोप अभियान सन्चालन भईरहेको

## आयुर्वेद शाखा

१. विरामी तथ्याङ्क जम्मा ३९८ जना, जसमा महिला २०१ जना पुरुष १९७ जनाको संकलन भएको छ।
२. वडा नं. ९ लिच्कीराम्चेमा गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम सन्चालन जसमा पुरुष २८ जना महिला १९ जना रहेका छन्।
३. गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यबस्थापन कार्यक्रम सन्चालन सिम्पानी वडा कार्यालय जसमा महिला ३९ जना पुरुष ४४ जना रहेका छन्।

**विपद् व्यवस्थापन**

खोटेहाङ गाउँपालिकामा विपद्जन्य जोखिमलाई न्यूनीकरण गर्नको लागि एक विपद् व्यवस्थापन समिति रहेको छ ।जसले विपद् मापरेका व्यक्तिहरु घर परिवार समूहलाई विपदको समयमा विपद व्यवस्थापन कार्यविधि, २०७५ अनुरुप राहत रकम उपलब्ध गराउँदै आएकोछ, साथै विपद्जन्य जोखिमबाट बच्नको लागि त्रीपाल, जाली लगायत राहत सामग्री वितरण गर्ने कार्य निरन्तर गरिरहेको छ ।

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी स्वीकृतिका लागि सभामा पेश गरेको खोटेहाङ गाउँपालिकाको चालू आ.व. २०८०।८१ मा खर्च भइ नसकि बाँकी रहेको अल्या बजेट बापतको रकमलाई अघिल्लो आ.व. २०८०।८१ मा संघीय सरकार र प्रदेश सरकारबाट प्रदान हुने विभिन्न अनुदानहरु कटौति भइ खर्चको भुक्तानी दिन अपुग भएको देहायका कार्यक्रम शिर्षकहरुको रकमलाई शोधभर्ना बापत म.ले.प. फाराम भरी भुक्तानी गरिएको खर्चको अनुमोदन सभाबाट गर्ने र बाँकी अल्या रकमलाई सम्बन्धित शाखाहरुबाट देहायबमोजिम कार्यक्रम बनाइ खर्च गर्ने गरी सभाले स्वीकृती र अनुमोदन गर्ने निर्णय बहुमतले पारित गरियो।

**आ.व.२०८१।८२ मा रहेको अल्याको विवरण**

| क्र.स. | योजना नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | ईन्द्रेणिपोखरी खेलमैदान डिपिआर | १०००००० | |
| २ | खोटाङ क्याम्पस अनुदान | ५००००० | |
| ३ | सिम्पानी क्याम्पस अनुदान | ७००००० | |
| ४ | सावाकालि मा वि अनुदान | ५००००० | |
| ५ | सामाजिक परिक्षण | ५००००० | |
| ६ | सार्वजनिक सुनुवाई | २००००० | |
| ७ | जे सि अडिट | ३००००० | |
| ८ | दिर्घरोगि औषधि उपचार खर्च | ९००००० | |
| ९ | चिस्यानकेन्द्र निर्माण | ८००००० | |
| १० | सवारी साधन मर्मत | १०००००० | |
| ११ | ठुलिवेशी खिउ खोला सडक ढलान | ५००००० | |
| १२ | बापाखोला भिरखेत सिंचाई कुलो मर्मत | ५००००० | |
| १३ | एस बि ए तालिम | ५००००० | |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रममा ढुङ्गा ढुवानी खर्च | ६४६००० | |
| १५ | पालिका भवन रङरोगन कार्यक्रम | ६००००० | |
| १६ | विविध | १०००००० | |
| १७ | पालिका मर्मत सम्भार कोष | ९५४००० | |
| १८ | कार्यालय संचालन | ५००००० | |
| | **जम्मा** | **११६०००००** | |
| | **अघिल्लो आ.व. को दायित्व भुक्तानी** | **५७०००००** | |
| | **जम्मा अल्या** | **१७३०००००** | |

**अघिलो आ.व. मा सृजना भएको दायित्व भुक्तानी विवरण**

| क्र.स. | फर्म/नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | नविकरणिय उर्जा | ७९९७६५.५ | |

| | | | |
|---|---|---|---|
| २ | विद्युत महशूल सुदिप राई | १८५७९० | |
| ३ | गेट स्पिड नेट प्रतिक उदाश | ४९७७०८.५ | |
| ४ | सुदिप राई | ४२१२४.२७ | |
| ५ | पिण्डेश्वर प्रिन्टर्स | ९९५३०.४ | |
| ६ | सञ्जिव मोटरसाईकल वर्कसप | ७५५६८.७५ | |
| ७ | मनकुमार राई मर्मत | २५८७४५ | |
| ८ | शुक्रराज राई ढुवानी | १९५००० | |
| ९ | व्याक हो लोडर चालक सविन राई सम्झौता बमोजिमको OT रुकम भुक्तानी | १५३६०० | |
| १० | आर.के. होटल | १६९१० | |
| ११ | हरि ब. राई मर्मत | १३२६० | |
| १२ | समावेशि सवाल | २०००० | |
| १३ | रुपेश स्टेशनरी | ४३७० | |
| १४ | मनोज बस्नेत मर्मत | १२३८५ | सवारी साधन मर्मत |
| १५ | रमेश राई विद्युत मर्मत | ४८६१३ | |
| १६ | रामकुमारी राई | ५००० | सुत्केरी खर्च |
| १७ | वसन्त राई | ८१०२५ | ईन्धन तथा अन्य |
| १८ | लोकराज विक | १५०० | सिकल हतियार |
| १९ | मोहन बहादुर मगर | ८००० | ढुवानी |
| २० | एक्स रे मेसिन खरिद | १९००००० | |
| २१ | पर्वत रमण रिजाल | ४०००० | बैठक भत्ता |
| २२ | ईस्टन अटो प्वाईन्ट सवारी मर्मत | १२९११९.५६ | |
| २३ | कार्यपालिका बैठक भत्ता | २३७००० | |
| २४ | शिक्षा समिति बैठक भत्ता | ३७००० | |
| २५ | हरिन्द्र प्रसाद राई | ५७००० | |
| २६ | मन कुमार राई | २९५०० | |
| २७ | पालिका ट्रस निर्माण | ७००००० | |
| २८ | धन प्रसाद फयल | ८९००० | बैठक भत्ता |
| | **जम्मा** | ५७३७५१४.९८ | |

**निर्णय नं.३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भइ स्वीकृतिका लागि सभामा पेश भएको खोटेहाङ गाउँपालिकाको पालिकास्तरीय र वडास्तरीय योजना/कार्यक्रमलाई देहाय बमोजिम संशोधन तथा रकमान्तर गरी देहाय अनुसार कार्यान्वयन गर्ने भन्ने निर्णय बहुतले पारित गरियो।

| वडा | संशोधन तथा रकमान्त गरिने योजना/कार्यक्रम | विनियोजित रकम | संशोधन तथा रकमान्त गरि सकेपछिको योजना/कार्यक्रम | कायम हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|
| पालिका स्तरीय आयोजना/कार्यक्रम | खोटेहाङ पार्क | १०००००० | सौरबोटे दितुङ सडक | १०००००० | |
| | सप्तकन्या मा.वि. घेराबारा | ७००००० | सप्तकन्या मा.वि. ट्रस्ट निर्माण | ७००००० | |
| | दुग्ध डेरी स्थापना र संचालन कार्यक्रम | १०००००० | दुध उत्पादन तथा भैंसी पालन कार्यक्रम | १०००००० | |
| | सावा खोला लिकुवा वडा कार्यालय सडक स्तरोन्नति | ६००००० | बेगुवा खेल मैदान, काडाँवोटे सडक निर्माण | ६००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं ३ | पुडुल्की डाडाँ चिल्ड्रेन पार्क सिडी निर्माण | ३००००० | नागी भन्ज्याङ ट्रस भवन निर्माण | ३००००० | |
| | कटहरे लिचि बेर्ना खरिद | २५०००० | कटहरे लिचि खेती प्रवर्द्धन कार्यक्रम | २५०००० | |
| वडा नं ४ | शिवस्थान आ.वि., गणेश आ.वि., जनशक्ति आ.वि. फर्निचर तथा शौचालय निर्माण | ३००००० | जनशक्ति आ.वि. शौचालय निर्माण योजना | १५०००० | |
| | | | गणेश आ.वि. कार्यालय व्यवस्थापन | ५०००० | |
| | | | जनशक्ति आ.वि. कार्यालय व्यवस्थापन | ५०००० | |
| | | | शिवस्थान आ वि कार्यालय व्यवस्थापन | ५०००० | |
| | फलफूल, मसलाबाली, बीउबिजन तथा माछा भुर्रा खरिद | ३००००० | सुन्तला बीरुवा खरिद | ५०००० | |
| | | | कागति बिरुवा खरिद | ८०००० | |
| | | | लिचि बिरुवा खरिद | ९०००० | |
| | | | माछा भुर्रा खरिद | ८०००० | |
| | लाहाचे खोला वडका सडक निर्माण | १५०००० | वडाका लाहाचे खोला सडक निर्माण | १५०००० | |
| वडा नं ५ | स्वास्थ्य चौकी चिप्रिङ हल निर्माण | २५०००० | वडा कार्यालय ट्रस्ट (छाना) निर्माण | ६७०००० | |
| | सिंचाई पोखरी निर्माण स्कुलडाँडा | २००००० | | | |
| | मर्मत सम्भार | २२०००० | | | |
| | सामाजिक समावेशी कार्यक्रम | २००००० | युवा तथा खेलकुद विकास | १००००० | |
| | | | सामाजिक समावेशी कार्यक्रम | १००००० | |
| | वडा कार्यालय व्यवस्थापन | १००००० | वडा कार्यालय मर्मत सम्भार | १००००० | |
| वडा नं ६ | इन्द्रेणीपोखरी मा.वि. व्यवस्थापन योजना | २००००० | वडा कार्यालय व्यवस्थापन | १७०००० | |
| | | | मगर समुदायको खुर्पेटो निर्माण | ३०००० | |
| | गर्भवती महिला पौष्टिक खाना कार्यक्रम | २००००० | मगर समुदायको खुर्पेटो निर्माण | ७०००० | |
| | | | बुद्वेधारा थापाटार सडक विस्तार योजना | १३०००० | |
| वडा नं ७ | टोल सुधार संस्था पूँजीगत योजना | ५००००० | टोल सुधार संस्था पूँजीगत योजना | १४५००० | |
| | | | पोखरेल पाटी पूरानो बोर्डिङ सडक निर्माण योजनामा | ३५५००० | |
| | आमा सुरक्षा कार्यक्रम | १००००० | आमा सुरक्षा कार्यक्रम | २५००० | |
| | | | स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन | ७५००० | |
| वडा नं ९ | भानु मा.वि. भवन निर्माण योजना | २००००० | भानु मा वि ट्रस्ट निर्माण | २००००० | |
| | बर्राबोटे सडक विस्तार योजना | ६००००० | ङसिबारी तिन खोप्रे टुवाखोला कृषि सडक विस्तार | ४००००० | |
| | | | बर्राबोटे सडक विस्तार योजना | २००००० | |

**निर्णय नं.४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा खोटेहाङ गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी स्वीकृतिका लागि सभामा पेश भएको खोटेहाङ गाउँ पालिकाको संशोधित विनियोजन विधेयक, २०८१ देहाय बमोजिम खोटेहाङ गाउँपालिकाको संशोधित विनियोजन ऐन, २०८१ हुने भन्ने निर्णय सभाबाट बहुमतले पारित गरियो।

**सोधित विनियोजन विधेयक ,२०८१**

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक,

प्रस्तावना : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २२९ को उप-धारा) २ (बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१ .संक्षिप्त नाम र प्रारम्भः

१ (यस विधेयकको नाम" खोटेहाङ गाउँपालिकाको संसोधित विनियोजन विधेयक, २०८१ "रहेको छ ।

२ (यो विधेयक २०८१ साल फागुन ८ गते बाट प्रारम्भ हुनेछ ।

२ . आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१ (आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५७९१७३०००।) **-अक्षेरुपी रुपैयाँ सन्ताउन्न करोड एकानब्बे लाख त्रिहत्तर हजार मात्र** (मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन :

१ (यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।८२ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२ (उपदफा) १ (मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३ (उपदफा) २ (मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची :१**

नेपालको संविधानको धारा २२९) २ (बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम) दफा २ संग सम्वन्धित (

खोटेहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०८१/०८२ को आय तथा व्ययको प्रक्षेपण

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय विवरण | | आर्थिक वर्ष २०८१/०८२ को वास्तविक आय रकम | खर्च शिर्षक नं | व्यय विवरण | आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित व्यय रकम | रकम अक्षरमा |
| संघीय सरकारको अनुदान | वित्तिय समानीकरण | 93100000 | 21111 | पारिश्रमिक कर्मचारी | 18000000 | एक करोड असी लाख |
| | राजस्व बाँडफाँड | 98500000 | 21131 | स्थानीय भत्ता | 1000000 | दश लाख |
| | सशर्त अनुदान | 283600000 | 21123 | औषधि उपचार खर्च | 300000 | तिन लाख |
| | समपूरक अनुदान | 15000000 | 21132 | महंगी भत्ता | 1000000 | दश लाख |
| | विशेष अनुदान | 30000000 | 21141 | पदाधिकारी बैठक (कार्यपालिका, गाउँसभा र अन्य) | 1500000 | पन्ध्र लाख |
| संघीय सरकारको जम्मा अनुदान | | 518200000 | 21112 | पदाधिकारी सेवा सुविधा | 6912000 | उनसत्तरी लाख बाह्र हजार |
| प्रदेश सरकारको अनुदान | वित्तिय समानीकरण | 5625000 | 21121 | पोशाक भत्ता | 800000 | आठ लाख |
| | सवारी कर बाँडफाँड | 4931000 | 22111 | धारा पानी बिजुली | 700000 | सात लाख |
| | सशर्त अनुदान | 21717000 | 22112 | सञ्चार महसुल | 900000 | नौ लाख |
| | समपूरक अनुदान | 9500000 | 21212 | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | 350000 | तिन लाख पचास हजार |
| | विशेष अनुदान | • | 28142 | घर भाडा | 500000 | पाँच लाख |
| प्रदेश सरकारको जम्मा अनुदान | | 41773000 | 28149 | अन्य भाडा (गोदाम गाडी आदि) | 400000 | चार लाख |
| आन्तरिक आम्दानी | | 5600000 | 22211 | इन्धन (पदाधिकारी) | 1000000 | दश लाख |
| जम्मा आन्तरिक स्रोत | | 5600000 | 22212 | इन्धन (कार्यालय प्रयोजन) | 2500000 | पच्चिस लाख |
| गत वर्षको नगद मौज्दात | | 13600000 | 22213 | सवारी साधन मर्मत खर्च | 2500000 | पच्चिस लाख |
| जम्मा गत वर्षको नगद मौज्दात | | 13600000 | 22221 | सञ्चालन तथा मर्मत संभार खर्च | 1000000 | दश लाख |
| | | | 22214 | बिमा तथा नविकरण (सवारी साधन) | 500000 | पाँच लाख |
| | | | 22311 | मसलन्द तथा कार्यालय सामाग्री खर्च | 4500000 | पैंतालिस लाख |
| | | | 22313 | पुस्तक तथा सामाग्री खर्च | 500000 | पाँच लाख |
| | | | 22419 | अन्य सेवा शुल्क | 21000000 | दुई करोड दश लाख |
| | | | 22211 | अवकाश कोष | 1000000 | दश लाख |
| | | | 22611 | अनुगमन मुल्यांकन | 5000000 | पचास लाख |
| | | | 22612 | कर्मचारी सरुवा भ्रमण खर्च | 300000 | तिन लाख |
| | | | 22711 | विविध खर्च | 2039000 | बिस लाख उन्चालिस हजार |
| | | | 21139 | अन्य भत्ता (शिशु स्याहार, अतिरिक्त समय भत्ता, दशैं तिहार र पर्व पहरा) | 200000 | दुई लाख |
| | | | 21211 | सामाजिक सुरक्षा कोष (करार, ठेक हाजिरी) | 300000 | तिन लाख |
| | | | 22613 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | 200000 | दुई लाख |
| | | | 22712 | सभा सञ्चालन खर्च | 500000 | पाँच लाख |
| | | | 28143 | सवारी साधन तथा मेशिन औजार भाडा | 500000 | पाँच लाख |
| | | | 28911 | भैपरी आउने चालु खर्च | 1000000 | दस लाख |
| | | | 21134 | विषयगत समिति तथा कर्मचारी बैठक भत्ता | 1000000 | दस लाख |
| | | | 22316 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 1000000 | दस लाख |
| | | | 22411 | सेवा र परामर्श खर्च (शिक्षा परामर्श, कानुनी सल्लाहकार) | 550000 | पाँच लाख पचास हजार |
| | | | 22511 | क्षमता विकास, परामर्श तालिम खर्च | 1000000 | दस लाख |
| | | | 22311 | वडा कार्यालय सञ्चालन खर्च | 5850000 | अन्ठाउन्न लाख पचास हजार |
| | | | 21135 | महिला स्वयंसेविका प्रोत्साहन | 1930000 | उन्नाइस लाख तिस हजार |
| | | | 22419 | पालिका प्रहरी | 2000000 | बिस लाख |
| | | | 22419 | बा वि के तथा विद्यालय कर्मचारी थप तलब | 10700000 | एक करोड सात लाख |
| | | | 27212 | आर्थिक तथा सामाजिक सहयोग | 500000 | पाँच लाख |
| | | | | प्रशासनिक चालु खर्च | 101431000 | दस करोड चौध लाख एकतिस हजार |
| | | | 22522 | चालु कार्यक्रम | 0 | |
| | | | | क. चालु जम्मा खर्च | 104325000 | दस करोड त्रिचालिस लाख पच्चिस हजार |
| | | | | पालिका स्तरीय योजना | 76600458.60 | सात करोड छैसट्ठी लाख चार सय अन्ठाउन्न पैसा साठी |
| | | | | वडा स्तरीय योजना | 27724541.40 | दुई करोड सतहत्तर लाख चौबिस हजार पाँच सय एकचालिस पैसा चालिस |
| | | | | ख. पुँजीगत जम्मा खर्च | 104325000 | दस करोड त्रिचालिस लाख पच्चिस हजार |
| | | | | ग. सशर्त अनुदान जम्मा | 305317000 | तिस करोड त्रिपन्न लाख सत्र हजार |
| | | | | सशर्त अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | 283600000 | अठ्ठाइस करोड छत्तिस लाख |
| | | | | सशर्त अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | 21717000 | दुई करोड सत्र लाख सत्र हजार |
| | | | | घ. विशेष अनुदान जम्मा | 30000000 | तिन करोड |
| | | | | विशेष अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | 30000000 | तिन करोड |
| | | | | विशेष अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | 0 | |
| | | | | ङ. समपुरक अनुदान जम्मा | 38100000 | तिन करोड एकासी लाख |
| | | | | समपुरक अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | 15000000 | एक करोड पचास लाख |
| | | | | समपुरक अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | 9500000 | पन्चानब्बे लाख |
| | | | | च. जम्मा गत वर्षको नगद मौज्दातबाट योजनामा विनियोजित रकम | 13600000 | एक करोड छत्तिस लाख |
| वास्तविक कुल आय जम्मा | | 579173000 | | वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ) | 579173000 | सन्ताउन्न करोड एकानब्बे लाख त्रिहत्तर हजार |

**निर्णय नं.५:** प्रस्ताव नं. ५ को विविध सम्बन्धमा छलफल र निर्णय गर्नुपर्ने कुनै विषय नभएकोले आजको सभा बैठक यही समापन गरियो।